# संघीय संसद
## संसदीय सुनुवाई समिति
### मितिः २०७७/०७/२७ गते, विहिबार

समय : विहान ११:०० बजे ।
प्रारम्भ :
अन्त्य :

**बैठक संख्या : ६५**

समितिको आजको बैठक समितिका सभापति माननीय **श्री लक्ष्मण लाल कर्ण**को सभापतित्वमा बस्यो । बैठकमा माननीय सदस्यहरुको उपस्थिति र निर्णय देहाय बमोजिम रहेको छ ।

| क्र.सं. | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| १. | मा० श्री लक्ष्मण लाल कर्ण (सभापति) | |
| २. | मा० श्री अमृता थापा | |
| ३. | मा० श्री जितेन्द्रनारायण देव | |
| ४. | मा० श्री देव प्रसाद गुरुङ | |
| ५. | मा० श्री नन्दा चपाई | |
| ६. | मा० श्री निरु देवी पाल | |
| ७. | मा० श्री पुष्पा भुसाल (गौतम) | |
| ८. | मा० श्री पूर्ण कुमारी सुवेदी | |
| ९. | मा० श्री भिमसेन दास प्रधान | |
| १०. | मा० श्री राजेन्द्र प्रसाद श्रेष्ठ | |
| ११. | मा० श्री शिवकुमार मंडल(केवट) | |
| १२. | मा० श्री सुमनराज प्याकुरेल | |
| १३. | मा० श्री सुरेन्द्र प्रसाद पाण्डे | |
| १४. | मा० श्री ज्ञानेन्द्र बहादुर कार्की | |

प्रस्तावित राजदूतहरुको उपस्थिति

| क्र.सं. | नाम,थर | हस्ताक्षर |
|---|---|---|
| १. | डा. युवराज खतिवडा | |
| २. | श्री लोकदर्शन रेग्मी | |
| ३. | डा.निर्मलकुमार विश्वकर्मा | |

**निर्णय :**

१. समितिको आजको बैठकमा संसदीय सुनुवाइका लागि समितिमा प्राप्त न्याय परिषदको सदस्यमा प्रस्तावित श्री रामप्रसाद श्रेष्ठको बारेमा आम नागरिकलाई जानकारी दिने तथा प्रस्तावित न्याय परिषदका सदस्यको सम्बन्धमा सूचना तथा उजुरी संकलन गर्ने उद्देश्यले सञ्चार माध्यमबाट सूचना सार्वजनिक गर्ने निर्णय गरियो ।

२. नेपाल सरकार परराष्ट्र मन्त्रालयको प.सं. GA/ST/ ०७७/०७८, च.नं. २४३४, मिति २०७७/०६/१८ को पत्रानुसार संयुक्त राज्य अमेरिका, संयुक्त अधिराज्य र दक्षिण अफ्रिकाका लागि नेपाली राजदूतको पदमा नियुक्तिका लागि क्रमशः डा. युवराज खतिवडा, श्री लोकदर्शन रेग्मी तथा डा. निर्मलकुमार विश्वकर्मालाई प्रस्ताव गरी नेपालको संविधानको धारा २९२ को बमोजिम संसदीय सुनुवाईका लागि प्राप्त हुन आएकोमा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्य सञ्चालन) नियमावली, २०७५ को नियम २५ र २६ तथा संसदीय सुनुवाई समितिको कार्यविधि, २०७५ बमोजिम प्रस्तावित व्यक्तिहरुको सुनुवाई गर्दा योग्यता, क्षमता र अनुभवको आधारमा उक्त पदका लागि योग्य देखिनुभएको हुँदा संघीय संसदको संयुक्त बैठक र संयुक्त समिति (कार्यसञ्चालन) नियमावली, २०७५ को नियम २६ को उपनियम (५) बमोजिम उल्लेखित पदमा नियुक्तिका लागि प्रस्तावित डा.युवराज खतिवडा, श्री लोकदर्शन रेग्मी तथा डा.निर्मलकुमार विश्वकर्माको नाम सर्वसम्मतिले अनुमोदन गर्ने निर्णय गरियो ।

३. संवैधानिक परिषदको सिफारिसमा नियुक्त हुने प्रधान न्यायधीश, सर्वोच्च अदालतका न्यायधीश, न्याय परिषदका सदस्य, संबैधानिक निकायका प्रमुख वा पदाधिकारी र राजदुत पदमा नियुक्तिका लागि नेपालको संविधानले अख्तियार गरेको समावेशी सिद्धान्तलाई अवलम्वन गर्ने विषयका सम्बन्धमा नेपाल सरकारको आधिकारीक धारणा प्रस्तुत गर्न सभापतिले समन्वय गरी सम्माननीय प्रधानमन्त्रीज्यूलाई समितिको आगामी बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो ।

४. समितिको बैठक अर्को सूचना जारी भएपछि बस्ने गरी आजको बैठक स्थगित भयो ।